सातौँ जिल्ला सभा

नीति, कार्यक्रम तथा प्राथमिकता

आ.व. २०७९/८०

पाँचथर

आदरणीय जिल्ला सभाका सदस्यज्यूहरु,

जिल्ला समन्वय समिति, पाँचथरको प्रमुखको हैसियतले पाँचथर जिल्लाको सातौँ जिल्ला सभाको बैठकमा चालु आर्थिक वर्ष २०७९/८० को नीति, कार्यक्रम तथा प्राथमिकता प्रस्तुत गर्न पाउँदा मैले गौरवान्वित महसुस गरेको छु ।

यस महत्वपूर्ण सभामा लोकतान्त्रिक आन्दोलन र सामाजिक न्याय प्राप्तिको आन्दोलनमा त्याग, बलिदान र संघर्ष गर्नुहुने तमाम ज्ञात अज्ञात वीर शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु,वेपत्ताहरुप्रति स्मरण गर्न चाहन्छु, साथै घाइते, अशक्तहरु प्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस सभामा पाल्नुहुने प्रदेशसभा सदस्यहरु मा. कमल प्रसाद जवेगु र मा. प्रेमराज थाम्सुहाङ, र सम्पूर्ण जिल्ला सभा सदस्य ज्युहरुमा जिल्ला समन्वय समिति, पाँचथरको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

क) पाँचथर जिल्लाको संक्षिप्त भौगोलिक, राजनैतिक तथा प्रशासनिक परिवेशः

**१.भौगोलिक अवस्थितिः**

| विवरण | अवस्था | विवरण | अवस्था |
|---|---|---|---|
| अक्षांश | २६°२८" देखि २६°५९" सम्म उत्तरी अक्षांस | देशान्तर | ८०°०२" देखि ८७°३०" सम्म पूर्वी देशान्तर |
| प्रदेश | कोशी | जिल्ला | पाँचथर |
| क्षेत्रफल | १२४१ वर्ग कि.मी. | औसत उचाई | ६०९ मीटर देखि ३६७५ मिटर सम्म |

**२.जिल्ला सिमाना**

| विवरण | सिमाना | विवरण | सिमाना |
|---|---|---|---|
| पूर्व | भारतको सिक्किम र दार्जेलिङ | पश्चिम | धनकुटा र तेह्रथुम जिल्ला |
| उत्तर | ताप्लेजुङ्ग जिल्ला | दक्षिण | इलाम र मोरङ जिल्ला |

**३. राजनैतिक/प्रशासनिक विभाजन**

| विवरण | संख्या | विवरण | संख्या |
|---|---|---|---|
| निर्वाचन क्षेत्र प्रतिनिधि सभा | १ (एक) | निर्वाचन क्षेत्र प्रदेश सभा | २ (दुई) |
| नगरपालिका | १ (एक) | गाउँपालिका | ७ (सात) |

ख) जिल्ला सभाको कानूनी तथा नीतिगत आधार

नेपालको संविधान (धारा२२०), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (दफा ९२), अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, जिल्ला सभा ऐन, २०७५ लगायतका कानूनी तथा नीतिगत आधारमा यो ऐतिहासिक जिल्ला सभाको व्यवस्थापन एवं सञ्चालन गर्न कानूनी तथा नीतिगत संरचना भएको अवगत गर्न चाहन्छु ।

ग) जिल्ला समन्वय समिति, पाँचथरबाट आ.व. २०७९/८० मा सञ्चालित कार्यरुको संक्षिप्त प्रतिवेदनः

अ) आर्थिक प्रतिवेदन आ.व. २०७९/८० मा जिल्ला समन्वय समिति, पाँचथरलाई संघीय सरकारबाट रु. १,३९,२३,००० प्राप्त भएकोमा हालसम्मको वित्तीय प्रगति रु १,०२,३३,४०५ (७३.५ प्रतिशत) भएको जानकारी गराउँदछु । यस अवधिमा प्रदेश सरकारबाट रु १० लाख बजेट प्राप्त भई ८० प्रतिशत खर्च भएको जानकारी गराउन चाहन्छु ।

आ) जिल्ला समन्वय समिति, पाँचथरको मौज्दात कोषः

जिल्ला समन्वय समिति, पाँचथरको शुरु मौज्दात कोष रु. २,२७,४४,२५६.११ रहेकोमा जिल्ला समन्वय समिति मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५ बमोजिम जिल्ला समन्वस समिति पाँचथरका निर्णय बमोजिम यस आ.व.मा भुक्तानी भएपश्चात् हाल रु.२,०२,२५,२३३.११ रकम मौज्दात रहेको जानकारी गराउन चाहन्छु ।

(इ) बेरुजु र अन्य आन्तरिक आम्दानीः

जिल्ला समन्वय समिति पाँचरको आ.व.२०७८/८९ को वेरुजु शुन्य रहेको र आन्तरिक आम्दानी हल भाडा बापतको रु २९,५०० रहेको जानकारी गराउँछु ।

(ई) सम्पादित अन्य प्रशासनिक, समन्वयात्मक एवं व्यवस्थापकीय कार्यहरुः

- जिल्लाभित्रका संघीय, प्रदेश र स्थानीय सरकार सम्बद्व कार्यालयहरुबीच विकास, सेवा प्रवाह र सुशासन कायम गर्न समन्वय गरिएको, विकास निर्माण,नागरिकका दैनिक जीवनसँग प्रत्यक्ष जोडिएका कार्यहरुको स्तरीकरण र प्रवर्द्वनात्मक एवं समन्वयात्मक कार्यहरु गरिएको ।
- संघीय र प्रदेश सरकारका जिल्ला स्थित विषयगत कार्यालयहरु, स्थानीय तह, जिल्लामा क्रियाशील गैरसरकारी संघसंस्थाका विस्तृत गतिविधिहरुको प्रस्तुतीसहितको जिल्ला समीक्षा कार्यक्रम भव्य रुपमा सम्पन्न गरिएको र उक्त कार्यक्रममा प्रस्तुत भएका असल कार्यहरु, समस्या एवं चुनौतीहरु समेटिएको प्रतिवेदन संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरुमा पेश गरिएको ।
- कोशी प्रदेश सरकार, प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुरी, झापाको आयोजना एवं जिल्ला समन्वय समिति, पाँचथरको आयोजनामा जिल्लाका ६० वटै वडाका वडाध्यक्षहरुबीच वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवा प्रवाहका समबन्धमा तीन दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको जानकारी गराउँदछु ।
- कोशी प्रदेश सरकार, प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुरी, झापा र जिल्ला समन्वय समिति, पाँचथरको सहकार्यमा स्थानीय तहमा स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन (FRA) मूल्यांकन कार्य सम्पन्न गरिएको जानकारी गराउँदछु ।
- जिल्ला समन्वय समिति प्रमुख अध्यक्ष/संयोजक रहने संघीय एवं प्रदेश सरकारका कार्यालयहरुमा आवश्यकता अनुसार बैठक एवं निर्णयहरु गरिएको । यसै सन्दर्भमा अस्पताल विकास समितिको अध्यक्षको हैसियतले जिल्ला अस्पताल पाँचथरलाई ५० शैय्याको अस्पताल संचालन गर्न आवश्यक पर्ने भवन निर्माण भैसकेको

सोही भवनमा १५ शैयाको अस्पताल संचालनमा रहेको र यस आ.व. मा प्रदेश सरकारबाट o&M सर्भे भई ५० शैयाको अस्पताल निर्माणका लागि प्रक्रिया अघि बढाउन आवश्यक पहलकदमी गरिरहेको जानकारी गरायँदछु।

- जिल्ला भित्र सञ्चालित ठूला योजन/आयोजना समयमै सम्पन्न गर्न संघीय सरकरा/ प्रदेश सकार समक्ष पहलकदमी गरिएको विषय स्मरण गराउन चाहन्छु।

आदरणीय जिल्ला सभाका सदस्यज्यूहरु

आगामी आर्थिक वर्षका लागि तीनै तहका सरकारहरुबाट नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम तयारीको यस सन्दर्भमा आगामी आर्थिक वर्षका लागि जिल्लाका देहायबमोजिमका आवश्यक एवं अपरीहार्य योजना तथा आयोजनाहरुको प्रस्ताव संघीय सरकार एवं प्रदेश सरकारमा प्रस्ताव पेश गरिने व्यहोरा अवगत गराउन चाहन्छु।

**क. तमोर ड्याम आयोजना यथासिघ्र निर्माणको लागि संघिय तथा प्रदेश सरकारलाई अनुरोध गर्ने**

आदरणीय जिल्ला सभाका सदस्यज्यूहरुआगामी आर्थिक वर्षको पूर्वाद्धको यस विशेष समयमा जिल्ला समन्वय समिति, पाँचथरका निम्न बमोजिम प्राथमिकताहरु रहने जानकारी गराउन चाहन्छु।

(क) नीतिगत प्राथमिकताहरु

- नेपालको संविधानको धारा २२०, ले गरेको व्यवस्था (अनुगमन सम्बन्धी), स्थानीय सरकरा सञ्चालन ऐन, २०७४ को दफा ९२(४) ले जिल्ला सभाले आफ्नो अधिकारक्षेत्रका विषयमा आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाई लागू गर्न सक्ने भन्ने व्यवस्था तथा दफा ९३ ले जिल्ला सभा कोषको व्यवस्था (अनुगमन र जिल्ला सभाको कोष) र जिल्ला सभा ऐन, २०७५ ले व्यवस्था गरेबमोजिम **"जिल्ला स्तरीय अनुगमन तथा समन्वय निर्देशिका"** र **"जिल्ला सभा कोष परिचालन सम्बन्धी निर्देशिका"** लाई जारी गर्न सुझाव सहितको सहमतीको लागि कोशी प्रदेश सरकारमा अनुरोध गरिनेछ।
- नेपालको संविधानको मूल मर्म सहकारिता, समन्वय र सहअस्तित्वलाई मूल मर्म स्वरुप जिल्ला स्थित तीन तहका सरकारका निकायहरुबीच विकास, सुशासन र सेवा प्रवाहका विषयमा अन्तर निकायगत सहकार्य एवं समन्वयलाई प्राथमिकता दिइनेछ।
- विकास निर्माण कार्यलाई समयमै गुणस्तरीय तवरले सम्पन्न गर्न सम्बन्धित निकाय एवं अधिकारीसँग समन्वय गरिनेछ। योजना छनौट कार्यदेखि नै स्थानीय उपभोक्ताहरुको सहभागिता र अपनत्व कायम गर्दै तोकिएको गुणस्तरमा सम्पन्न भए नभएको सम्बन्धमा **"उपभोक्ता अडिट"** गरिनुपर्ने कार्यलाई पहलकदमी लिइने छ। समृद्ध, व्यवस्थित र दिगो विकासका लागि बहस चलाइनेछ।
- जिल्ला स्थित तीनै तहका सरकारहरुबाई प्रवाह गरिने सेवालाई सुशासनमुखी, पारदर्शी, गुणस्तरीय एवं नागरिकमैत्री बनाउनेतर्फ समन्वय गरिनेछ। सार्वजनिक प्रशासनलाई नागरिकले अपेक्षा गरेको शासकीय झल्को अनुभूति हुने वातावरण सिर्जना गर्न समन्वय गरिनेछ।
- विकासका प्रक्रियाहरुको समानुपातिक वितरण र सन्तुलित विकास गर्न स्थानीय तहका सरकारहरुको भूमिकाको अनुगमन सहजीकरण एवं समन्वय गरिनेछ।

- संघीय तथा प्रदेश सरकारबाट संचालित आयोजना स्थानिय तहको सिफारिस तथा समन्वयमा कार्यान्वयन गर्नु पर्ने। स्थानिय तहलाई जानकारी नगराई आयोजना कार्यान्वय हुने विद्यमान अबस्थाको अन्त्य गर्न प्रदेश र संघीय सरकारसँग समन्वय गर्ने।
- नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य कानूनहरुले व्यवस्था गरेका अधिकारका विषयहरुमा स्थानीय तहहरुबाट के कति कानूनहरु निर्माण भए र बन्न बाँकी कानूनहरुको निर्माणका लागि समन्वय एवं पहलकदमी गरिनेछ।
- जिल्ला भित्र संचालित गैरसरकारी संस्थाहरुलाई सुचिकरण गरी वार्षिक रुपमा सम्पन्न गरिने कार्यक्रमको विवरण पेश गर्न लगाई कार्यक्रम कार्यान्वयनको अनुगमन एवम् प्रतिफलको मूल्याङ्कन गरिनेछ।
- स्थानीय तहहरुबाट प्रदान गरिने सेवा प्रवाह एवम् अन्य जनसरोकारका विषयमा जनप्रतिनिधि एवम् कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम कार्ययोजना सहित प्रदेश सरकारमा अनुरोध गरिनेछ।
- भूमि सम्बन्धी ऐन २०२१ ले व्यवस्था गरेबमोजिम स्थानीय सरकारहरुले सम्पन्न गर्नुपर्ने जग्गा वर्गीकरण कार्यलाई अविलम्ब सम्पन्न गर्नकालागि स्थानीय तहहरुसँग समन्वय गरिनेछ।
- हिंसा पीडित एवं विपदमा परेका महिला, वालवालिका ,बेसाहारा तथा जेष्ठ नागरिकहरुका हेरचाह तथा सुरक्षित बसोवासका लागि जिल्लाका सम्पूर्ण स्थानीय तहहरुको आर्थिक तथा व्यवस्थापकीय सहयोगमा जिल्लामा हेरचाह गृह (Safe House) स्थापनाका लागि सम्बन्धित निकायसँग समन्वय एवम् पहल गरिनेछ।
- मानसिक रोगको सिकार भई आर्थिक अभावको कारणले गर्दा उपचार हुन नसकी वौलाएको अवस्थामा बेसुर हिडिरहेको वा घरमै बन्दकोठामा भित्र साङ्लोमा बाधिएर वर्षौं वसिरहेका विरामीहरुलाई स्थानीय सरकारले दायित्व वेहोर्ने गरी मानसिक अस्पतालमा उपचार गराउने व्यवस्थाका लागी स्थानीय तहहरुसँग समन्वय गरिनेछ।
- प्राणघातक रोगको सिकार भई उपचार अभावमा मृत्यु शैय्यामा पुगेका नागरिकहरु जसलाई बचाउन सामाजिक सञ्जालमा बचाउ अभियान चलाएर रमक जम्मा गर्नुपर्ने कारुणिक अवस्थाको अन्त्य गर्न प्राणघातक रोगहरुको निःशुल्क उपचारका लागि सम्बन्धित निकायमा पहलकदमी गरिनेछ।
- बाबुआमा दुवै गुमाएर आफन्तविहीन हुन पुगेका बालबालिकाहरुको भरणपोषण, शिक्षा, स्वास्थ्य सहितको संरक्षणको जिम्मेवारी वहन गर्न स्थानीय सरकारलाई ध्यानाकर्षण गरिनेछ।
- जिल्लाभित्र सुरक्षाका दृष्टिले जोखिमपूर्ण स्थानमा सि.सि.टि.भि. क्यामेरा स्थानीय तहको सहयोगमा जडान गरी त्यसको सञ्चालन जिम्मेवारी जिल्ला प्रहरी कार्यालयमा रहने गरी व्यवस्थापन गरिनेछ र जडान भएका उपकरणको निरन्तर मर्मत सम्भार र प्रयोग हुने उपायहरुको खोजी एवं अवलम्वन गरिनेछ।
- नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ को दफा १६ ले व्यवस्था गरेको विषयलाई उच्च प्राथमिकता दिदैं कार्यविधि बमोजिम कार्य भए नभएको विषयमा निरन्तर एवं प्रभावकारी अनुगमन गरिनेछ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विषयहरुमा स्थानीय तहहरुको ध्यानाकर्षण गराइनेछ । विभेदविरुद्धका कार्यक्रम, लैङ्गिक सशक्तीकरण कार्यक्रम, लागू पदार्थ दूर्व्यसन नियन्त्रण कार्यक्रम लगायतका कार्यहरुमा जिल्लास्तरीय समन्वय र सहजीकरण गरनेछ।
- जिल्ला भित्र स्थानिय तहमा कानुन निर्माण र राजस्वका दरमा एकरुपता कायम गर्न समन्वय गरिने छ।

- संघिय तथा प्रदेश सरकारबाट संचालित विकास आयोजना/कार्यक्रमलाई समयमै गुणस्तरीय तवरले सम्पन्न गर्न सहजीकरण साथै भुक्तानीको लागि जि.स.स.को अनुगमन समेत आवश्यक हुने व्यावस्थाका लागि पालिकाहरुसँग समन्वय गरिने छ ।

- पालिका र सरकारी कार्यालयहरु बीचकको डाटाबेस तयार गरी जिल्ला समन्वय समितिलाई जिल्ला सुचना केन्द्र र think tank को रुपमा विकास गर्नका लागि आवश्यक पहल गरिने छ । सो कार्यका लागि आवश्यक पर्ने बजेट पालिका तथा प्रदेश र संघिय सरकारलाई अनुरोध गरिने छ ।

- आयोजना बैंक निर्माण गरि नगर तथा गाउँ गौरबका आयोजना छनोट गरि कार्यान्वयन गर्न तथा मध्यमकालिन खर्च संरचना निर्माण गरि लागु गर्न आवश्यक पहल गरिने छ ।

- स्थानिय उत्पादनहरु अदुवा आलु टमाटर प्याज लसुन आदि वस्तुहरुको भारतीय बजारमा निकासीका समस्या हुनु र मसलाजन्य मालसामान भारतीय बजारबाट नै आयात गर्नुपर्ने भएकोले मसला प्रशोधन उद्योग स्थापनाका लागि प्रदेश सरकारलाई अनुरोध गर्ने ।

- ठाउँ अनुसार व्यवासायीक खेती तथा वैदिक कृषि प्रणाली अन्तरगत एकीकृत खेति प्रणाली विकास तथा विस्तार गर्न पहल गरिने छ ।

- पाँचथर जिल्लामा प्रचुर सम्भावना भएका जडीबुटीको प्रर्वद्धन तथा विकास गर्न वन डिभिजन कार्यालय र सबै स्थानीय तहलाई अनुरोध गरिने छ ।

- पाँचथर जिल्ला भित्रका पर्यटकीय क्षेत्रहरु सिलौटि, लभ्रेकुटी, मिक्लाजुङ बुद्ध मुर्ति, मिक्लाजुङ डाडाँ, आगेजुङ गुम्बा, सिंहदेवी, छालासुकुवा, साधुटार, हिलिहाङ्ग दरबार, सुम्हात्लुङ देबस्थल, जलजले, लामपोखरी, चार राते, तिन सिमाना, बत्तिसे, झरना, ल्होकिल डाँडा, कुम्मायक कुसायक, तुम्बेवा डाँडा, मिलुङ झरना, नाम्तोक, लालीगुराँस क्षेत्र, तिम्बु पोखरी, जोर पोखरी, सुके पोखरी आदिलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न तिन तहकै सरकारसँग समन्वय गर्ने ।

- स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRAAP) कार्यक्रममा स्थानीय तहहरुको सूचकसँग सम्बन्धित कार्यहरु कार्यान्वयन गर्न र उत्कृष्ट अंक हासिल गर्न सहयोग एवं सहकार्य गरिनेछ ।

आदरणीय जिल्ला सभाका सदस्यज्यूहरु

जिल्लाको विकास निर्माण, सेवा प्रवाह र सुशासन कायम गर्ने सँग समन्बधित नीतिगत व्यवस्था गर्ने यो ऐतिहासिक सभामा सदस्यको रुपमा उपस्थित भई अर्थपूर्ण सहभागिताको लागि हार्दिक धन्यवाद ज्ञापन गर्दै **"समृद्ध पाँचथर"** निर्माणको अभियानमा अनवरत सहयोगको अपेक्षा गरेको छु ।

रामराज आङ्देम्बे
प्रमुख
जिल्ला समन्वय समिति, पाँचथर
२०८० वैशाख २८, विहिबार